फालेलुङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः (३) संख्याः (२) मितिः २०७६।०३।२०

## भाग-१

## फालेलुङ गाउँपालिका

# विनियोजन ऐन २०७६

प्रस्तावना : फालेलुङ गाउँपालिकाको आर्थिक वर्ष ०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा २ बमोजिम फालेलुङ गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त ना र प्रारम्भ :** (१) यस ऐनको नाम फालेलुङ गाउँपालिकाको विनियोजन ऐन २०७६ रहेको छ ।

(२) यो ऐन ०७६ श्रावण १ गते बाट लागू हुनेछ ।

**२. आर्थिक वर्ष ०७५।०७६ को निमित्त सञ्चित कोषबाट खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष ०७६।०७७ को निमित्त फालेलुङ गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालु खर्च , पुँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रु ३७१५६९०००। (सैंतिस करोड पन्ध्र लाख उननसत्तरी हजार मात्र ) नवढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन :** यस ऐन द्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकारी दिइएको रकम आर्थिक वर्ष ०७६।०७७ को निमित्त फालेलुङ गाउँपालिकाको , गाउँकार्यपालिकाको कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नगुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नवढ्ने गरी कुनै एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजन रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकहरुमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु र पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शिर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्विकृति लिनु पर्नेछ ।

४) **खारेजी :** यो ऐन लागु भए पश्चात फालेलुङ गाउँपालिकाको मिति ०७५।०३।२९ को गाउँसभाबाट पारित विनियोजन ऐन ०७५ खारेजी भएको र सो ऐन अनुसारको सम्पुर्ण खर्च अनुमोदन गरिएको छ। र यस ऐनले निर्दिष्ट नगरेका खर्चहरु समेत यसै बमोजिम भएको मानि अनुमोदन गरिएको छ ।

५) **यसै बमोजिम भएको मानिने** : यो ऐन पारित भए पश्चात संघीय तथा प्रादेशिक सरकारले शर्त सहित उपलव्ध गराउने बजेट जस्तै सामाजिक सुरक्षा , गरिव सँग विश्वेश्वर कार्यक्रम , बहुक्षेत्रीय पोषण योजना कार्यक्रम , स्थानीय निकाय सामुदायिक विकास परियोजना , गरिवि निवारण कोष , लगायतका अन्य सशर्त अनुदानका रकमहरु यसै ऐन बमोजिम खर्च भएको मानिनेछ ।

अनुसूची–१
दफा २ संग सम्बन्धित
सञ्चित कोषबाट विनियोजन हुने रकम
रकम रु हजारमा

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | जम्मा |
|---|---|---|---|
| १ | १ | गाउँकार्यपालिका | ३१९९८५। |
| २ | २ | वार्ड नं. १ | ३१५०। |
| ३ | ३ | वार्ड नं. २ | २९५०। |
| ४ | ४ | वार्ड नं. ३ | ३३८५। |
| ५ | ५ | वार्ड नं. ४ | ३४५०। |
| ६ | ६ | वार्ड नं. ५ | ४०४४। |
| ७ | ७ | वार्ड नं. ६ | ३४५०। |
| ८ | ८ | वार्ड नं. ७ | ३५८०। |
| ९ | ९ | वार्ड नं. ८ | ३६७५। |
| १० | १० | फालेलुङ गाउँपालिका शिक्षा | १००००। |
| ११ | ११ | फालेलुङ गाउँपालिका स्वास्थय | २७५०। |
| १२ | १२ | फालेलुङ गाउँपालिका कृषि | ५६५०। |
| १३ | १३ | फालेलुङ गाउँपालिका पशु | ५५००। |
| जम्मा | | | ३७१५६९। |

आज्ञाले
मौसम ढुङ्गेल
प्रमुख प्रशासकीय अधिकृत